# कालिका स्वावलम्बन सामाजिक केन्द्र

# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक बर्ष
## २०७५/२०७६

फोन/फ्याक्स ०७६५६०२८२, ५६११८२
ईमेल : **kssc@ntc.net.np**
**Web Site : ksscnepal.org.np**

**कालिका स्वाववलम्वन सामाजिक केन्द्रको २५ औं वार्षिक साधारण सभा समारोहका अध्यक्ष ज्यू, कार्य समितिका पदाधिकारी ज्युहरु, सल्लाहकार समितिका पदाधिकारी ज्युहरु, उप समितिका पदाधिकारी ज्युहरु एवं सम्पूर्ण साधारण सदस्य ज्युहरु तथा आमन्त्रीत महानुभावहरु**

कालिका स्वाववलम्वन सामाजिक केन्द्रको २५ औं वार्षिक साधारण सभाको पुनित अवसरमा यहांहरु सवैमा हार्दिक स्वागत एवं सम्मान प्रकट गर्दै आउने २०७६ सालको विजया दशमी, शुभ दिपावली तथा छठ को मंगलमय शुभ कामना व्यक्त गर्दछु ।

यस संस्था संस्थागत विकास संगै संघिय लोकतान्त्रिक गणतन्त्रको मर्मलाई आत्मसात गर्दै राजनैतिक, आर्थिक र सामाजिक स्थायित्व एजं सामावेशि लोकतन्त्रको सकारात्मक रुपान्तरण र विभेदकारी संरचनाको उन्मुलन अभियानको यात्रामा निरन्तर अघि वढिरहेको छ । यिनै सामाजिक यात्राको अविरल बहावमा हाम्रीले सफलता असफलताको तितो मिठो क्षणको अनुभव गर्दै हामी अहिले यस संस्थाको २५ औं साधारण सभाको वैठक बस्न सफल भएको छौ । हामीले सिमित श्रोत साधन बाउजुद पनि संस्थाको दीगो संस्थागत विकासका साथ साथै स्थानिय तह, प्रदेश तथा समस्त राज्यको नै प्राथमिकतामा परेका एवं लक्षित समुदायमुखी विभिन्न कृयाकलापलाई व्यवस्थित रुपमा संचालन गर्न र प्रभावकारी कार्यान्वयन गर्न यस संस्था सफल रहेको कुरा यहांहरु लाई अवगत गराउन चाहन्छु । यहांहरुको सकरात्मक सहयोग, सदभाव, पृष्ठपोषण, मार्गदर्शन, अग्रसरता र रचनात्मक क्रियाशिलता तथा सकरातमक सोच तथा योगदानका कारण यस संस्थाले यस कपिलवस्तु रुपन्देही तथा नवलपरासी जिल्ला लगाएत अन्य जिल्लाहरुमा पनि विशेष पहिचान सहित सामुदायिक विकासका कार्यहरु संचालन गर्दै आइरहेको छ । यस संस्थाले आयोजना गर्ने बिभिन्न कार्यक्रम तथा कृयाकलापहरु संग संगै यस साधारण सभामा देखिएको सहभागीता र सक्रियताले संस्थाको भावि गन्तव्य र योजनावद्ध विकास सुनिश्चित गरेको छ ।

संस्थाका सम्पूर्ण सदस्यहरुको सहयोग, सहकार्य, प्रयास तथा निरन्तर पुर्‍याउनु भएको योगदानले नै संस्था आजको यस अवस्थामा आउन सकेको कुरा सहर्ष ब्यक्त गर्न चाहन्छौं । संस्थाले स्थापना काल देखि हाल सम्म हितैसी समाज सेवी, बुद्धीजिवी वर्गहरु, स्थानीय निकाय, गैह्र सरकारी संस्था र दातृ संस्थाहरुको अतुलनिय सहयोग, माया, विश्वास र सदभाव प्राप्त गरिरहेको छ । यस संस्थालाई सकारात्मक रुपमा सहयोग पूर्‍याउने सम्पूर्ण महानुभाव र सहयोगी निकाय प्रती हार्दीक कृतज्ञता व्यक्त गर्दछु ।

यस संस्थाले विगत देखि स्थानिय संघ संस्था, संजाल, समुह र बिभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने गरिव, विपन्न, महिला, जनजाती, मधेसी, दन्द पिडित, अल्पसंख्यक, जोखिममा परेका, शारिरिक अवस्थाको अपागं वर्गलाई लक्षित गरी उनिहरुको आधारभुत आवश्यकताहरुको परिपुर्तिको प्रत्याभुति गराई सामाजिक विकास, मानव अधिकार, लोकतन्त्र निमार्ण, सांस्कृतिक तथा आर्थिक जिवन शैलीमा गुणात्मक र सकारात्मक परिवर्तनको अभियानमा लागी रहेको छ । नेपाली समाज यति वेला सुनौलो सम्भावना र चुनौतिवाट अघि वढिरहेको अवस्थामा सामाजिक अशुरक्षा, गरिवि, शोषण तथा परम्परागत कुरितीहरु विरुद्ध को अभियानमा उत्प्रेरणाको माध्यम वाट संगठित समाज, आपसि सहयोग र सदभाव जगाई संस्थाले आफनो कार्यक्रमहरुलाई निरन्तरता तथा सफल वनाउन प्रयासरत रहेको छ ।

यस आ.व.२०७५/२०७६ मा संस्थागत आन्तरिक गतिविधिहरु सम्वन्धि छोटकरीमा जानकारिका लागी यस प्रतिवेदन समेटने प्रयास गरेको कुरा अनुरोध गर्न चाहन्छु ।

## १. कालिका स्वावलम्वन सामाजिक केन्द्रको संस्थागत गतिविधि तथा व्यवस्थापन पक्षहरुमा भएका कृयाकलापहरु

| | |
|---|---|
| **कार्यालय व्यवस्थापन तर्फ** | संस्थाको संस्थागत विकास र आन्तरिक कोष वृद्धिका लागी आवासिय भवन निर्माणको काम सम्पन्न भई संचालमा रहेको एवं तालिम तथा गोष्ठी हल निर्माणधीन रहेको छ । त्यस्तै अपाङ्ग मैत्री पुर्वाधार निर्माण अर्न्तगत कार्यालयमा र्‍याम्पको निर्माण गरिएको छ भने बिशेष गरि १००० दिनका आमाहरु लाई लक्षित गरि स्तनपान स्थानको **(Breast Feeding Corner)** व्यवस्थापनमा निरन्तरता दिइएको छ । |
| **नयां साझेदारी कार्यक्रम बिस्तार तर्फ** | यस बर्ष विगतका वर्ष देखि संचालनमा रहेको साझेदारी कार्यक्रमहरु निरन्तररुपमा संचालन भएका छन् भने फेयरमेड संगको साझेदारीमा आधारभुत स्वास्थ्य परियोजना कार्यक्रम संचालनमा रहेको छ । त्यसै गरि नयां साझेदारी बिस्तारका लागि Amplify Change, Indian Embassy, I am Swidish, Girls First Fund, Dubai Care, A.J. MUSTE MEMORIAL INSTITUTE - SOCIAL JUSTICE FUND, Hariyo Ban Project, Ministry of Social Development, Province 5 आदिमा प्रस्तावना तथा आशय पत्रहरु पेश गरिएको छ । |
| **संस्थागत दस्तावेविकरण** | • संस्थागत बिकासका लागि अति आवश्यक दस्तावेजहरु आर्थिक नियमावली, प्रशासनिक नियमावली तथा मानवीय श्रोत बिकास तथा ब्यवस्थापन नियमावलीहरु, जेसी निर्देशिका लाई समय साक्षेप अनुसार परिमार्जन गरि गरिएको छ ।<br>• संस्थाको आर्थिक व्यवस्थापन गर्न लेखा व्यवस्थित गर्नको लागि एकद्वार प्रणालीलाई नियमीत गरिएको छ । |
| **मानविय क्षमता विकास तर्फ** | बिगतमा जस्तै यस वर्ष पनि संस्थाका पदाधिकारी, सदस्यहरु तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न बिभिन्न साझेदार संस्थाहरुको सहयोगमा क्षमता अभिबृद्धिका लागि तालिम, गोष्ठी, अध्ययन भ्रमण जस्ता क्रियाकलापहरुमा सहभागिता गरिएको छ । जसबाट बर्तमान परिपेक्ष्य अनुसार बिभिन्न बिषयगत श्रोत ब्यक्तिहरु तयार गर्नको लागि मद्दत पुगेको छ । यस वर्ष संस्था संग आबद्ध रहेका कार्य समितिका पदाधिकारी, सदस्यहरु, कर्मचारीहरुलाई बिभिन्न बिषय संग सम्बन्धित क्षमता अभिबृद्धिका तालिमहरुमा सहभागी गराई क्षमता अभिबृद्धि गरिएको छ । जस अर्न्तगत GESI अभिमुखीकरण, अवलोकन भ्रमण तथा **एकिकृत पोषण कार्यक्रम तालिम** गरि **जम्मा ६३ जना** संस्था संग आबद्ध कार्य समितिका पदाधिकारी तथा सदस्यहरु, साधारण सदस्यहरु तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि भएको छ जसमा **४४ जना महिलाहरु** रहेका छन् । |
| **कर्मचारी दुर्घटना विमा** | संस्थामा परियोजनामा कार्यरत कर्मचारीहरुको साझेदारी पत्र अनुसार कर्मचारिहरुको र्दुघटना विमालाई नियमीत गरिएको छ । |
| **कर्मचारीको कार्यको मूल्यांकन** | संस्थाका आन्तरिक कर्मचारी तथा परियोजनाहरुका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन गरि तह बढुवा तथा ग्रेड बढुवा गरि सेवा सुबिधामा बृद्धि तथा सम्मानित गरिएको छ । |

| | |
|---|---|
| **संचारका साधनहरुको परिचालन** | यस संस्थाले गरेका बिभिन्न कृयाकलापहरुको पत्रिका, एफ.एम. आदि मार्फत प्रचार प्रसार गरि समाज तथा समुदायलाई संस्थाले गरेको उपलब्धिहरु बारे जानकारी गराउन बिभिन्न सुचनामुलक सन्देशहरु प्रवाहित गरिएको छ । |
| **अनुगमन तथा मुल्यांकन** | यस संस्थाले बिभिन्न दातृ निकायहरुको साझेदारिमा संचालन गरेको बिभिन्न कार्यक्रमहरुको नियमीतरुपमा संस्थाको अनुगमन तथा मुल्यांकन समिति, संस्थाको पदाधिकारी तथा सरोकारवालाहरुको संयुक्त सहभागितामा मासिक, त्रैमासिक तथा अर्ध बार्षिकरुपमा अनुगमन गरि पृष्ठपोषण दिने कार्य भएको छ । जसले गर्दा संचालित कार्यक्रमहरुमा प्रभावकारिता अभिबृद्धि भई लक्षित समुदायका ब्यक्तिहरुको हक हित सुनिश्चित हुने गरि कार्यक्रमहरु कार्यान्वयन गर्न मद्दत पुगेको छ । |
| **पारदर्शिता तथा सुशासन प्रवर्धन** | संस्थाले Monitoring Evaluation, Accountability and Learning (MEAL) Approach अर्न्तगत संस्थामा गुनासो सुनुवाई संयन्त्र (Complain Response Mechanism) रहेको छ । जसको माध्यमबाट समुदायका जुनसुकै ब्यक्तिले संस्थाको गतिबिधिमा चित्त नबुझेमा Toll Free No. (16607656001) ईमेल र नियमीत कार्यक्रमको अनुगमन गर्ने बोर्डका पदाधिकारीहरु तथा MEAL officer / MEAL Assistant द्धारा आफनो गुनासो राख्न सक्छन् र गुनासोको प्रकृति हेरी तुरुन्तै वा १५ देखि ४५ दिन भित्र गुनासोको सम्बोधन गरिन्छ । यस बर्ष सेवाग्राही तथा सरोकारवालाहरु बाट ६ वटा प्रशंसाहरु, ५० वटा गुनासाहरु र १ वटा पृष्ठपोषण आएकोमा ५० वटै गुनासोहरुलाई सम्बोधन गरिएको छ ।<br><br>यसैगरि संस्थाले २०७५/०७६ मा बिभिन्न साझेदारी तथा आन्तरिकरुपमा संचालन गरेको कार्यक्रमहरुको अधिकारवाला तथा सरोकारवाला वर्गहरुको सहभागितामा सामाजिक परिक्षण गरिएको छ । सामाजिक परिक्षणका क्रममा प्रदान गरिएको पृष्ठपोषण तथा तथा सुझावहरु अनुसार संस्थाका गतिबिधी तथा कार्यक्रमहरुलाई थप प्रभावकारीरुपले संचालन गर्न सहयोग भएको छ । |
| **सम्पर्क समन्वय तथा सम्बन्ध बिस्तार** | जिल्ला भित्रका स्थानीय तह ( गाऊ/नगरपालिकाहरु), सरकारी निकायहरु तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुले आयोजना गरेका गोष्ठी, अर्न्तक्रिया, छलफल, अभियान आदि जस्ता कार्यक्रमहरुमा संस्थाका तर्फबाट सक्रिय सहभागिता भएको छ । जसले गर्दा बिभिन्न सरोकारवाला निकायहरु संग सम्पर्क र समन्वय बिस्तार गर्न मद्दत पुगेको छ । |
| **मानवीय सहायता (Humanitarian Aid)** | संस्थाले आगलागी, शितलहर, बाढी आदि जस्ता बिपद बाट प्रभावित बालबालिकाहरु तथा स्थानिय समुदायहरुलाई विगतका वर्षहरुमा जस्तै निरन्तर सहयोग पुर्‍याउदै आइरहेको छ । |
| **बिपत तथा सामाजिक कार्यका लागि कोष स्थापना** | यस वर्ष संस्थाले बिपत बाट पिडित जनताहरु तथा अन्य सामाजिक कार्यहरुका लागि कोष संकलन गर्नको लागि बिपत तथा सामाजिक कार्यका लागि कोष स्थापना गरेको छ । जस अर्न्तगत २ वटा चन्दा बक्स खडा गरि कोष जम्मा गरिरहेको छ । |
| **रक्त उपलब्धताका लागि सहजीकरण** | संस्थाले यस बर्ष रगत आवश्यक भएका बिरामी ब्यक्तिहरुलाई रक्त संकलन केन्द्र, बुटवल र स्वयंसेवी रक्तदाता समाज, कपिलवस्तु संग सहकार्य गरि रगत उपलब्ध गराउन सफल भएको छ । जसले गर्दा समयमै अत्य |

| | |
|---|---|
| | आवश्यक रगत नपाई मर्नु पर्ने बाध्यतालाई न्यनीकरण गर्न सकिएको छ । |
| **राष्ट्रिय/अर्न्तराष्ट्रिय अभियान तथा दिवसहरु** | यस संस्थाले नेपाल सरकारले घोषणा गरेका बिभिन्न राष्ट्रिय अभियानहरु जस्तै भिटामिन ए, खुला दिशा मुक्त क्षेत्र, आयोडिन महिना, बिश्व स्वास्थ्य दिवस बिद्यालय स्वास्थ्य, पोषण सप्ताह, बिश्व अण्डा दिवस र महिलाहरु बिरुद्ध हुने हिंसा सम्बन्धि १६ दिने अभियान, आदि **राष्ट्रिय/अर्न्तराष्ट्रिय** अभियानहरुलाई सफलतापुर्वक मनाउनको लागि बिभिन्न कार्यक्रमहरु संचालन गरेको छ । यस क्रममा बिद्यालय स्वास्थ तथा पोषण सप्ताह अर्न्तगत बिद्यालयहरुमा हाजिरी जवाफ प्रतियोगिता, भिटामिन ए अभियानका लागि मानवीय श्रोत परिचालन गरेको छ । |
| **पुर्ण (शत प्रतिशत) भर्ना अभियान** | यस संस्थाले सेभ द चिल्ड्रेनको साझेदारीमा संचालित स्पोन्सरसिप कार्यक्रम संचालित बिजयनगर गाँउपालिकालाई जिल्ला समन्वय समिति, नगरपालिका, गाऊपालिका तथा वडाहरु, बिद्यालय, सरोकारवाला निकाय एवं संस्थाहरु, स्थानिय बौद्धिक ब्यक्तित्वहरु तथा स्थानिय समुदायको सहयोगमा **पुर्ण भर्ना घोषणा** भएको छ । |
| **खुला दिशामुक्त क्षेत्र घोषणा** | यस संस्थाले सेभ द चिल्ड्रेन संगको साझेदारीमा संचालित स्पोन्सरसिप कार्यक्रम, यु.एस.ए.आई.डी आर्थिक सहयोगमा संचालित सुआहारा दोश्रो कार्यक्रम तथा, फेयरमेड फाउण्डेसन संगको साझेदारीमा संचालित आधारभुत स्वास्थ्य परियोजना कार्यक्रम संचालन भएका कृष्णनगर नगरपालिका बडा नं ११ रामनगर र बडा नं ८ र ९ साविक बहादुरगंजलाई जिल्ला समन्वय समिति, नगरपालिका, गाऊपालिका तथा वडाहरु, बिद्यालय, सरोकारवाला निकाय तथा संस्थाहरु, स्थानिय बौद्धिक ब्यक्तित्वहरु तथा स्थानिय समुदायको सहयोगमा तथा सहकार्यमा **खुला दिशामुक्त वडाहरु घोषणा** गर्न सफल भएको छ । |
| **पुर्ण खोप वडा घोषणा** | यस संस्थाले सेभ द चिल्ड्रेन संगको साझेदारीमा संचालित स्पोन्सरसिप कार्यक्रम, यु.एस.ए.आई.डी आर्थिक सहयोगमा संचालित सुआहारा दोश्रो कार्यक्रम तथा, फेयरमेड फाउण्डेसन संगको साझेदारीमा संचालित आधारभुत स्वास्थ्य परियोजना कार्यक्रम संचालन भएका बुद्धभुमी नगरपालिका वडा नं. ९लाई जिल्ला समन्वय समिति, नगरपालिका, गाऊपालिका तथा वडाहरु, बिद्यालय, सरोकारवाला निकाय तथा संस्थाहरु, स्थानिय बौद्धिक ब्यक्तित्वहरु तथा स्थानिय समुदायको सहयोगमा तथा सहकार्यमा **पुर्णखोप घोषणा गर्न सफल भएको तथा बुद्धभुमी नगरपालिका लाई नै पुर्णखोप घोषणा** गर्नकालागी सामाजिक परिचालन तथा प्राविधिक सहयोग भइरहेकोको छ । |
| **बाल बिवाह मुक्त वडा घोषणा** | यस संस्थाले सेभ द चिल्ड्रेन संगको साझेदारीमा संचालित स्पोन्सरसिप कार्यक्रम, यु.एस.ए.आई.डी आर्थिक सहयोगमा संचालित सुआहारा दोश्रो कार्यक्रम तथा, फेयरमेड फाउण्डेसन संगको साझेदारीमा संचालित आधारभुत स्वास्थ्य परियोजना कार्यक्रम संचालन भएका शिवराज नगरपालिका वडा नं ७ तथा बिजय नगर गाँउपालिका वडा नं ७ लाई जिल्ला समन्वय समिति, नगरपालिका, गाऊपालिका वडाहरु, बिद्यालय तथा बिभिन्न सरोकारवाला निकाय तथा संस्थाहरु सहयोग तथा सहकार्यमा **बाल बिवाहमुक्त वडा घोषणा** गर्न सफल भएको छ । |
| **कार्य समितिको बैठक** | यस आर्थिक बर्ष भित्र संस्थाको संस्थागत, ब्यवस्थापकीय पक्ष सुदृढिकरण, |

| | |
|---|---|
| | सम्पर्क समन्वय, नयां कार्यक्रम बिस्तार लगाएत बिभिन्न पक्षहरुमा सुधार गर्नको लागि २२ पटक सम्म कार्य समितिको बैठक बसेको छ । |

अब म आर्थिक वर्ष २०७५/०७६ मा यस संस्थाको आन्तरिक तथा साझेदारी गरि संचालन गरेका परियोजनाहरुको जानकारी प्रकाश पार्न चाहन्छु । यस संस्थावाट संचालित दिर्घकालिन साझेदार संस्था र अल्पकालिन साझेदार संस्थाहरु संग यस वर्ष पनि सम्वन्ध र सहकार्य गरि संस्थाको उद्देश्य प्राप्ती गर्न विभिन्न समयमा साझेदारी गर्ने कार्यलाई निरन्तरता दिइदै आएको छ ।

## २. आर्थिक बर्ष (आ.ब.) ०७५/०७६ मा संस्थाको आन्तरिक रुपमा संचालन गरिएका कार्यक्रमहरु

## २.१ कालिका नाटय समुह

कालिका नाटय समुह सांस्कृतिक क्रियाकलाप द्वारा पनी सामाजिक विकासको क्रममा महत्वपूर्ण भूमिका निर्वाह हुन सक्छ भन्ने मान्यता अनुसार यस संस्थामा कला, संस्कृति तथा खेलकुद इकाई गठन भयो । विभिन्न समयमा विभिन्न निकायबाट विभिन्न किसिमका तालिमहरु प्राप्त गर्दै आएका कलाकारहरु तथा नयां कलाकारहरुलाइ प्रशिक्षण दिएर परिचालन गर्दै बिगत १५ वर्ष देखी यस इकाइले बिभिन्न निकायहरु संग साझेदारी गरी जनचेतनामूलक मंच, कचहरी तथा सडक नाटकहरु प्रस्तुत गर्दै आएको छ र सहयोगी निकायहरु संग समन्वय गरि सह कार्यकालागि हातेमालो गर्ने उद्देश्य लिएको छ ।

यस नाट्य समुहले विगतका दिनहरुमा सामाजिक कुरिती, कुसंस्कार, स्थानिय स्तरमा देखिएका सवाल तथा मुद्दाहरुलाई उठान गरि स्थानिय समुदायलाई कचहरी नाटकको प्रस्तुती द्धारा सवालहरुमा झकझकाउन, चेतनाकरण गर्नमा प्रभावकारी भुमिका खेलेकोमा हाल झण्डै निस्क्रियको अवस्थामा रहेको छ तसर्थ यसको सक्रियता तथा प्रभावकारीता अभिबृद्धि गर्नका लागि कालिका नाट्य, खेलकुद, कला तथा संस्कृति प्रवर्धन उप समितिको पुर्नगठन गरि क्रियाशील बनाउन वान्छनिय देखिएको छ ।

### उद्देश्य

- समुदायहरुमा जनचेतनामूलक कचहरी तथा सडक नाटकहरु प्रस्तुति मार्फत विभिन्न स्थानिय तथा राष्ट्रिय मुद्दाहरुमा जन चेतना अभिवृद्धि गर्ने ।
- सामाजिक परिचालनको मेरुदण्डको रुपमा भूमिका निर्वाह गर्ने ।

## २.२ कपिलवस्तु वचत तथा ऋण सहकारी संस्था लिमिटेड

कालिका स्वावलम्वन सामाजिक केन्द्रवाट प्रवर्धन गरिएको कपिलवस्तु वचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना २०५१ सालमा भएको हो । यस सहकारी संस्था प्रारम्भिक तहको एकल उद्देश्यीय वचत तथा ऋण सहकारी संस्था हो । यसले अन्तराट्रिय बचत तथा ऋण संघको सिद्धान्तहरुलाई पालना गर्दै आफनो सदस्यहरु वाट बचत संकलन, बचतमा निश्चिय ब्याज प्रदान र सुभल ब्याज दरमा सदस्यहरुलाई ऋण प्रवाह गरि समाजको आर्थिक विकासको क्षेत्रमा योगदान पुर्‍याउने उद्देश्य बोकि जिल्लामा नमुना सहकारी संस्थाको रुपमा भुमिका निर्वाह गदै आएको छ ।

नियमित बचत, दैनिक वचत, खुत्रुके बचत, पंच वर्षिय बचत, बाल बचत, गृहिणी बचत, कन्या बचत, जेष्ठ नागरिक बचत तथा मनि टान्सफर सेवा प्रदान गर्दछ ।

**सहकारी संस्थाको संक्षिप्त कारोबार**

- सदस्य संख्या जम्मा: ८०२४
  - महिला: ३६७०
  - पुरुष: ४३५४
  - संस्थागत: संस्थागत खाता देखाउन नमिल्ने भएर महिलामा गाभिएको
- कुल वचत पुजि: २३६११७१५५।२८
- शेयर पुजिं: रु.९६२१९००

ऋण लगानी: रु.९९५०६७३०।३८

**समस्या तथा चुनौतीहरु :**

- सेयर पुँजी बृद्धिमा कठिनाइ भएको छ ।
- ऋण असुली तथा परिचालनमा कठिनाई भएको छ ।

## ३. आ.ब. २०७४ र २०७५ साझेदारी परियोजनाहरुको बार्षिक प्रगती बिबरण

### परियोजना नाम : प्रायोजित कार्यक्रम

**साझेदार संस्था:** सेभ द चिल्ड्रेन
**बार्षिक बजेट रु:** ४३३६७९७.३१
**कार्यक्षेत्र :**
बुद्धभुमी नगरपालिका १ वटा वडाहरु (साविक बरकलपुर)
महाराजगंज नगरपालिका २ वटा वडाहरु (साविक बरईपुर र भलवारी)
कृष्णनगर नगरपालिका ९ वटा वडाहरु (साविक शिवानगर, पुरुषोत्तमपुर, सिंसिहवा, भगवानपुर, बिद्यानगर, रामनगर, बहादुरगंज र अजिगरा)
शिवराज नगरपालिका - ९ ( साविकको गा.बि.स.शिवगढी, चनइ, बिरपुर, जवाभारी, शिवपुर, बिसुनपुर)
बिजयनगर गाँउपालिका ७ वटा वडाहरु ( साविक गुगौली, खुरुहुरिया, गणेशपुर, पत्थरदेइया)

**लक्षित समुदाय:-**

- बाल बिकास केन्द्र (०-५ बर्ष)
- आधारभुत शिक्षा (५-१२ बर्ष)
- बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम (१-१० कक्षा)
- किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य (१०-१८ बर्ष)
- किशोर किशोरी बिकास (१० देखि १८ बर्ष र १८ बर्ष भन्दा माथी)

**कार्यगत / बिषयगत क्षेत्रहरु :**

- बाल बिकास केन्द्र (Early Childhood Care and Development)
- आधारभुत शिक्षा (Basic Education)
- बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम (School Health and Nutrition)
- किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य (Adolescent Sexual Reproductive Health)

- किशोर किशोरी बिकास तथा जिविकोपार्जन (Adolescent Development & Livelihood)

**साझेदारी कार्यक्रमको उद्देश्य :**

- बालबालिकाहरुको विकासमा तथा उनिहरुको हेरचाह सम्बन्धि अभ्यास तथा व्यावहारमा सुधार ल्याउने ।
- बालवालिकाहरुको पूर्ण क्षमता अनुसार उनिहरुको गणस्तरिय शिक्षा र सिकाइ उपलब्धिमा सुधार ल्याउने ।
- किशोर किशोरीहरु आफ्नो र समुदायको सकारात्मक परिवर्तनका लागि योग्दान पुऱ्याउने छन् ।
- किशोर किशोरीहरुको क्षमता बिकास गर्दै उनिहरुको सहभागीता शुनिश्चित गर्दै आफ्नो र समुदायको सकारात्मक बिकासका लागी योगदान पुऱ्यान सक्षम बनाउने ।
- बिद्यालय उमेर समुहका बाल बालिकाहरुको स्वास्थ्य र पोषणको विद्यमान स्थिती सुधार गर्ने ।

**साझेदारी कार्यक्रमको मुख्य उपलब्धीहरु :**

| सि.न. | सुचक | आधार बर्ष २०१२ | २०१८ | हाल २०१९ |
|---|---|---|---|---|
| १ | शैक्षिक उपलब्धि | 32% | 70% | 77% |
| २ | कक्षा उत्तिर्ण दर | 73.90% | 92% | 94% |
| ३ | कक्षा छाड्ने दर | 8% | 2.5% | 2.1% |
| ४ | वालबिवाह दर | 31% | 17% | |
| ५ | बालबिकासको अनुभवबाट कक्षा १ देखि कक्षा २ मा जने दर | 76% | 89.2% | 96% |

- घरमा तयार गरेको दिवा खाजाको प्रवर्द्धनका लागी बाल बिकासका ६४० जना बालबालिकाको लागी टिफिन बक्स बितरण गरिएको थियो ।
- १३९ बिद्यालयका कक्षा १,२ र ३ का १८१ जना शिक्षक शिक्षिकाहरुलाइ प्रारम्भिक पठनशिप बिकास सम्बन्धी पुर्नताजगी तालिम प्रदान गरीएको ।
- कृष्णनगर नगरपालिकासँगको साझेदारीमा एउटा बालबिकास भवन निर्माण गरी बाल बालिकाको सुरक्षित र प्रभावकारी सिकाईको वातावरणमा पठनपाठन गर्न सहयोग भएको छ । तथा सोही न.पा. को बिभिन्न वडाका स्थानहरुमा ८ वटा कक्षा कोठाको मर्मत संहार गरिएको छ ।
- कार्यक्षेत्र भित्रका २३ वटा बिद्यालयको र २ वटा बाल बिकासको कक्षा कोठामा पि-फम तथा कार्पेट सहितको बालमैत्री बसाई ब्यवस्थापन गरिएको छ ।
- शिवराज नगरपालिका, बिजयनगर गाँउपालिका र कृष्ण नगर नगरपालिकाको शैक्षिक रणनितिक योजना तयार गर्नका लागी प्राविधिक सहयोग प्रदान गरिएको छ । जस अर्न्तगत अगामी नगर सभाबाट पारित गरि कार्यान्वयन गर्ने सम्बन्धित नगरपालिकाबाट प्रतिबद्धता ब्यक्ति भएको छ ।
- बाल बिकासको पहुँचबाट टाढा रहेका समुदायमा बालबालिकाहरुलाई ३ वटा अस्थाइ बाल बिकास केन्द्रको संचालन गरी ७३ जना बाल बालिकाहरुलाई बाल बिकासको अनुभव सहित कक्षा एकमा भर्ना गराउन सफलता हासिल गरिएको छ ।

- बाल बिवाहको दरमा कमी आई शिवराज नगरपालिका वडा नं ७ र बिजयनगर गाँउपालिका वडा नं ७ लाई बाल बिवाहमुक्त घोषणा सुनिश्चित गर्न सहयोग पुऱ्याएको ।
- कृष्णानगर नगरपालिकाको बाल क्लव गठन तथा परिचालन निर्देशिका तैयार गर्नका लागि प्राविधिक सहयोग पुऱ्याइएको छ ।
- बुद्धभुमी नगरपालिका वडा नं ९ लाई पुर्ण खोपयुक्त वडा सुनिश्चितता घोषणामा सहयोग गरिएको छ ।
- कृषि समुहलाई नगरपालिकामा दर्ता गर्न सहयोग गरी प्रस्तावना लेखन सम्बन्धी तालिम प्रदान गरिएको जसले गर्दा किसानहरुको स्थानिय तहसँगको साझेदारी तथा पहुँचमा बृद्धि भएको छ ।
- उन्नत जातका बिउ बिजन तथा कृषि सामाग्री प्रदान गरी बजार सम्मका पहुँचका लागी किसान तथा ब्यापारी बिचको अन्तरक्रियाको आयोजना गरिएको छ ।
- ४ वटा ओभर हेड ट्याङ्की र २ वटा धारा निर्माण गरी शुद्ध पिउने पानीको लागी पहुँच पुऱ्याइएको छ ।
- महिनावारी र प्रजनन् स्वास्थ्य बिषयमा अन्तर बिद्यालय स्तरिय वक्तृत्वकला आयोजना गरिएको छ र सो कार्यक्रमलाई धेरै मानिसको पहुँचमा पुऱ्याउन स्थानिय रेडियो शिवराज एफ.एम बाट प्रत्यक्ष प्रशारण गरिएको छ ।
- बाल बिकासका बालबालिकाहरुको अभिभावकहरुका लागी १०० स्थानमा अभिभावक कक्षा संचालन गरिएको छ ।
- युवा क्लवका १२ जना स्वयंसेवकहरुलाई तालिम प्रदान गरी समुदायमा आधारित १० देखि १४ बर्ष सम्मका १३४ जना र १५ देखि १८ बर्ष सम्मका १२९ जना किशोर किशोरीहरुलाई किशोर किशोरी अन्तरक्रियात्मक सिकाई सम्बन्धी १२ वटा कक्षा संचालन गरिएको छ ।
- बालबिकासका सहयोगी कार्यकर्ताहरुको सिकाई आदान प्रदान गर्नका निम्ति ५ वटा कलस्टरमा कार्यशालाको आयोजना गरिएको छ ।
- सबै नगरपालिका तथा गाँउ पालिकाको बाल भेला सम्पन्न गरी प्रतिवेदनहरु स्थानिय तहमा बुझाईएको छ ।
- युवा क्लब तथा स्थानिय तहका कर्मचारी एवं जनप्रतिनिधिज्यूहरुका लागी दिगो बिकासका लक्ष्यहरुबारे ५ दिने कार्यशाला सम्पन्न गरिएको छ ।
- बिद्यालयको सरसफाईमा सकारात्मक परिवर्तन ल्याउनका निमित्त बिद्यार्थी र शिक्षकलाई हाईजिन ट्राफिक लाईट सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- बिद्यार्थीहरुको ब्यक्तिगत सरसफाई लाई प्रवर्धन गर्दै बिद्यालयमा स्वास्थ्य प्रर्दशनी गरिएको जसले बिद्यार्थीको आनीबानीमा परिवर्तन आएको छ ।

**साझेदारी कार्यक्रमको मुख्य प्रभावहरु :**

- शत प्रतिशत भर्ना, बाल बिवाह मुक्त वडा तथा पुर्ण खोप सुनिश्चितता जस्ता महत्वपुर्ण सुचाङ्कहरुमाथी स्थानिय सरकारको सक्रियतामा सफलता हासिल भैरहेको छ ।
- बाल अधिकार र शिक्षा स्वास्थ्यका सवालहरुमाथी स्थानिय सरकारले नीति तथा निर्देशिका बनाई अगाडी बढ्नु ।
- बिजयनगर गाउँपालिकाका बाल बालिकाहरुको समस्या तथा गुनासो सुन्न टोल फ्रि नम्बर संचालन भै यसको निरन्तरता दिनु ।
- स्थानिय संरचनाहरुमा अर्थपुर्ण बाल सहभागिताको बृद्धि ।
- बाल बालिकाहरु ब्यक्तिगत सरसफाइ, हात धुने बानीको बिकास तथा स्वास्थ्य प्रति सचेत हुनु ।

- बाल बालिकाहरुको सिकाई उपलब्धिमा बृद्धि हुनुका साथै कक्षा छाड्ने दरमा कमी हुनु ।
- बाल बालिका तथा युवाहरुले आफ्नै नेतृत्वमा बिभिन्न सृजनशिल कृयाकलापहरु संचालन गर्न सक्ने भएका छन् ।
- किशोर किशोरीहरु यौन तथा प्रजजन स्वास्थ्यको बिषयमा जानकारी हासिल गरी अन्य दौतरिहरुलाई सिकाउन तथा समुहमा छलफल गर्न सक्ने भएका छन् जसले बाल बिवाहरुको दरमा कमी ल्याएको छ ।
- समुदाय तथा स्थानिय सरोकारवालहरुले बालबालिका प्रति चासो राख्न थालेका छन् ।
- कृषक समुहहरुले आय आर्जन गरेका छन् साथै आम्दानी बाट बाल बालिकाको शिक्षा स्वास्थ्य तथा पोषणमा लगानी गरिरहेका छन् ।

**साझेदारी कार्यक्रममा भोग्नु परेको मुख्य समस्या/बाधाहरु :**

- कार्यक्रममा श्रोतको कमी समुदायको माग उच्च ।
- कार्यक्रमको समापन हुदै गर्दा दक्ष जनशक्ति पलायन हुनु, र अन्तमा कार्यचाप बढी हुनु ।
- बिद्यालय तथा बाल बिकास केन्द्रहरुमा श्रोत र साधनको अभाव जसले ब्यवस्थापकिय मनोबलमा प्रत्यक्ष प्रभाव ।
- बिकासका लागी केवल भौतिक पुर्वाधारमुखी सोच ।
- स्थानिय तहको भुमिका र जिम्मेवारीमा अझै पनि दोधारोपन ।
- स्थानिय तहमा प्रयाप्त बिषयगत कर्मचारीको अभावले समन्वय तथा कार्यन्वयनमा कठिनाई ।
- महिला र बालिकाहरुको अर्थपुर्ण उच्च सहभागीता बृद्धि गर्न ।

**कार्यक्रमबाट गरिएका नमुना कार्यहरु :**

- बिजयनगर गाँउपालिका पुर्ण भर्ना घोषणा भएको छ ।
- शिवराज नगरपालिका वडा नं ७ तथा बिजय नगर गाँउपालिका वडा नं ७ लाई बाल बिवाह मुक्त सुनुश्चितता घोषडा भएको छ ।
- बुद्धभुमी नगरपालिका पुर्णखोप घोषणा गर्नकालागी सामाजिक परिचालन तथा प्राविधिक सहयोग गरिएको छ ।
- बाल बालिकाको हितमा हुने गरी स्थानिय तहको नीति तथा निर्देशिका निर्माण गर्नका लागी प्राविधिक सहयोग ।

**लाभान्वित वर्ग/ लक्षित सुमदायको कार्यक्रम प्रतिको धारणा वा भनाई :**

- **सीता चापागाई, १७ बर्ष बिजयनगर गाँउपालिका स्तरिय बाल क्लव संजाल**
  हिजो परिचय दिन नसकेका दिनहरु सम्झदा अचम्म लाग्छ, नलागोस पनि कसरी आज म र म जस्तै बालबालिकाको अधिकारको सन्दर्भमा ढुक्क भएर बोल्न सक्ने भएकी छु त्यसैले पनि बालभेलमा सहभागी भइ मन पर्ने र मन नपर्ने, सुरक्षित र असुरक्षित स्थानहरुको बिश्लेषण गरी त्यसलाई प्राथमिकिकरण गरेर गाँउपालिकामा प्रतिवेदन पेश गर्‍यौ । यो मेरो लागी अत्यन्तै खुशीको क्षण हो र यसकालागी कालिका र सेभ द चिल्ड्रेनलाई धन्यवाद दिन चाहन्छु ।

- **गोपाल बहादुर थापा अध्यक्ष बिजयनगर गाँउपालिका**
  शिक्षा मानिसका लागी सबैभन्दा महत्वपुर्ण कुरा हो र अनिवार्य छ । गाँउपालिकाले पनि शिक्षामा आमुल परिवर्तन चाहेका छौ, गाँउपालिकाको शैक्षिक समस्या, चुनौती र अवसरहरुको सम्बन्धित

सरोकारवालहरु सबैको सहभागितामा शैक्षिक रणनितिक योजना तयार गरी सोही अनुरुपको बजेट बिनियोजन पनि गरेका छौ र यसले ५ बर्ष सम्मका लागी बाटो देखाउने काम गर्ने छ । जसरी कालिका सेभ द चिल्ड्रेनले सहयोग पुऱ्याउदै आएको छ अनुपस्थिती पक्कै खड्किने छ यद्यपी यस योजनामा टेकेर हिड्दा उपस्थितीको महशुश गर्नेछौं ।

**आगामी दिनका लागी सुझावहरु :**

- स्थानिय तहहरुसँगको साझेदारीका लागी संभावनाहरु पहिचान गरी पैरवी गर्नुपर्ने ।
- संस्थागत क्षमता बिकासका लागी मानवश्रोत बिकास तथा परिचालनमा जोड दिनुपर्ने ।

**परियोजना नाम** : सुआहारा दोस्रो कार्यक्रम (एकीकृत पोषण कार्यक्रम)

**साझेदार संस्थाः** कालिका स्वावलम्बन सामाजिक केन्द्र
**बार्षिक बजेट रु:** २०८१७७६७/-
**कार्यक्षेत्र :** कपिलवस्तु जिल्ला

**लक्षित समुदायः-** सुनौलो १००० दिन अर्थात गर्भधारण देखि २४ महिनाको नहुन्जेन्लसम्मका बच्चा तथा आमा
**कार्यगत / बिषयगत क्षेत्रहरु :**

- : घरायसी पोषण, खानेपानी तथा सरसफाइ र स्वास्थ्य अभ्यासहरूमा सुधार गर्ने ।
- घरधुरीहरूको गुणस्तरीय पोषण तथा स्वास्थ्य सेवाको उपयोगमा अभिवृद्धि गर्ने (सेवा गुणस्तर र पहुँच) ।
- घरधुरीको विविध र पोषकतत्व बढी भएका खानेकुरासम्मको पहुँच अभिवृद्धि गर्ने (खाद्य उत्पादन/सुरक्षा )
- सबलीकृत स्थानीय शासनमार्फत बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयनलाई तिव्रता दिन

**क्रसकटिङ क्रियाकलापहरू**

- सामाजिक तथा व्यवहार परिवर्तन सञ्चार
- लैङ्गिक समता र सामाजिक समावेशीकरण
- सार्वजनिक निजी साझेदारी
- आपतकालीन तत्परता र प्रतिकार्य योजना
- नविनतम अनुदान कार्यक्रम (आइजिपी)
- भन्छिन आमा रेडियो कार्यक्रम
- सामाजिक परिचालन

**साझेदारी कार्यक्रमको उद्देश्य :**

- न्यून तौल भएको जन्मलाई घटाउने – पाँच वर्षभन्दा कम उमेरका बालिबालिकामा कुपोषण तथा शारीरिक रूपमा हुने पुड्कोपना, ख्याउटेपना तथा कमतौल घटाउने
- कमतौल भएका महिलाहरूको प्रतिशतलाई घटाउने
- महिला र बालबालिकामा रहेको रक्तअल्पताको व्यापकतालाई घटाउने

- किशोरीहरूलाई प्राथमिकता तथा महिला र पिछडिएको समूहहरूको अधिकतम सामाजिक समावेशीकरणमा विशेष ध्यान पुर्‍याउने ।

**साझेदारी कार्यक्रमको मुख्य उपलब्धीहरु** :

- स्वास्थ्य आमा समुहमा आबद्ध महिला १६७६६ पुरुष १५९६ गरी जम्मा १८३६२ जनाको सहभागिामा पोशिलो खानाको प्रदर्शनी (Food Demo) **१०३५** वटा सम्पन्न भएको छ ।
- सुनौलो १००० दिनका आमाहरु (गर्भअवस्था, सुत्केरी तथा स्तनपान अवस्थाका) र तिनका परिवारहरु गरी जम्मा २५५७३ जनाको सहभागितामा जिवनको महत्वपुर्ण अवसर मनाउन (Key Life Event ) **२६७८** वटा सम्पन्न भएको छ ।
- जिल्लाका ११०० जना महिला स्वास्थ्य स्वयं सेबिकाहरुलाई **(MIYCN)** सम्बन्धी दुई दिने रोल आऊट तालिम वडा तथा स्वास्थय संस्था स्तरमा सम्पन्न भएको छ ।
- बिभिन्न दिवसीय कार्यक्रम मनाएको जस्तै भिटामिन ए, पूर्णस्तनपान सप्ताह, महिला स्वास्थ्य स्वयंम सेबिका दिवस, परिवार नियोजन, बिश्व चपी दिवस, पानी दिवस, हात धुने दिवस आदि सफलतापुर्वक आयोजना तथा सम्पन्न गर्न सहयोग गरिएको छ ।
- पोषण संग सम्बन्धित स्वास्थ्य ब्यबहार अपनाउन का लागि सामुदायिक पोषण सहजकर्ता तथा फिल्ड सुपरभाईजरहरुबाट १००० दिनका **८३५९** जना आमाहरुको पहिचान गरि परामर्श गरिएको छ ।
- ब्यक्तिगत सरसफाई तथा पानी सुद्धिकरणमाा सचेतना र खुला दिशामुक्त गर्नका लागि आम सञ्चार मार्फत खुला दिशामुक्त घोषणामा सहयोग गरि कृष्णनगर नगरपालिका बडा नं ११ रामनगर र बडा नं ८ र ९ साविक बहादुरगंजलाई खुला दिशामुक्त वडाहरु घोषणा गर्न सहयोग गरिएको छ ।
- समुदाय स्तरमा खानेपानी र सरसफाइ सम्वन्धि जनचेतनामुलक कार्यक्रम संचालन अर्न्तगत बडा तथा नगर स्तरका पदाधिकारीहरुलाई वडा स्तरीय खानेपानी तथा सरसफाई समन्वय समिति गठन, स्वस्थ आमा समुहका आमाहरुलाई जागरण तालिम मार्फत सचेतन गरिएको छ ।
- स्वास्थ्य आमाा समुहमा स्वास्थ्य अवस्था अभिबृद्धि नयाँ १००० दिनका आमाहरुलाई नियमित गर्भ जाच, आईरन चक्कीको प्रयोग, स्वास्थ्य संस्थामा सुत्केरी गराउने लगायतका बिष्यवस्तुमा छलफल गरी नक्साकंनमा नियमित अध्यावधिक गर्नेकार्य, गुणस्तरीय स्वास्थ्यको लागि आफनै पहल **(SATH)** कार्यक्रम **३४२** पटक सबिक गाबिस बैदौली, सोमडीह, बसन्तपुर, नन्दनगर, लालपुर, जवाभारी तथा मोतीपुरमा सम्पन्न भएको छ ।
- बैदौली, मोतीपुर, जवाभारी, लालपुर तथा तिलौरकोट स्वास्थ्य संस्थामा स्वास्थ्य संस्थबाट प्रवाह हुने सेवाप्रदायक तथा सेवाग्राही निकायबीच आमभेला गरी सामुदायिक स्वास्थ्य प्राप्ताङ्क बोर्ड **(CHSB)** बिधिद्धारा अवस्था पहिचान गरि आवश्यक कार्ययोजना निर्माण गरिएको छ ।
- बिभिन्न स्वास्थ्य संस्थाका नयाँ **२४** जना स्वास्थ्यकर्मीहरुलाई ६ दिने (CB-IMNCI) सम्बन्धी तालिम प्रदान गर्नको लागि सहयोग गरिएको छ ।
- नगर/गाउपालिकाका प्रमुख, प्रमुख प्रशासकिय अधिकृत तथा स्वास्थ्य संयोजकहरुलाई एकिकृत पोषण सम्बन्धि तथ्यांक सहितको पोषणको अवस्थाबारे कार्यशाला गोष्ठी जिल्ला स्तरमा सम्पन्न गरिएको छ ।
- समुह परिचालन तथा बचत तथा ऋण परिचालन सम्बन्धि क्षमता विकासका लागि ग्रामिण नमुना कृषकहरुलाई तालिम प्रदान गरि समुहमा बचत गर्ने बानीको बिकास गर्नको लागि अभिप्रेरित गरिएको छ ।

- सुनौला १००० दिनका आमा र परिवारहरु गरि **८३५९** जनालाई मातृशिशु तथा नवजात स्वास्थ्य प्रवर्धनका लागि पोषण र परिवार नियोजनका बारेमा प्रभावकारी परामर्श गरिएको छ ।
- कपिलवस्तु जिल्लाको १० वटै गाउँपालिका र नगरपालिमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक सम्म सम्पन्न गरि पोषणको अवस्था तथा भए गरिएका क्रियाकलापहरु बारे समिक्षात्मक बैठक सम्पन्न गरिएको छ ।

**साझेदारी कार्यक्रमको मुख्य प्रभावहरु :**

- सुनोलो १००० दिनका आमाहरुका लागि सघन सामाजिक तथा व्यवहार परिवर्तन सञ्चारका लागि भन्छिन आमा रेडियो कार्यक्रम नियमित सुन्ने स्रोता संख्यामा अभिवृद्धि ।
- अग्रपङ्क्तिका कार्यकर्ताहरूद्वारा १००० दिने आमाहरू र परिवारका **८३५९** सदस्यहरुलाई घरभेट गरि पोषण, स्वास्थ्य तथा सरसफाई बारे परामर्श गरिएको छ ।
- ब्यक्तिगत सरसफाई तथा पानी सुद्धिकरणमाा सचेतना र खुलादिशा मुक्त गर्नका लागि आम सञ्चार ।

**साझेदारी कार्यक्रममा भोग्नु परेको मुख्य समस्या/बाधाहरु :**

- स्थानीय तहका कर्मचारीहरुको फेरबदल हुनु ।
- नयाँ संघीय संरचना र आवश्यक नीति निर्माण अझै हुन नसक्नु ।
- मोबाइलको एप्पस बेला बेलामा अपडेट गर्नुपर्ने ।
- सुआहारा प्रति समुदायको अपेक्षा बढी हुनु र कार्यक्रम अन्तरगत हामीले अपेक्षा अनुसार सम्वोधन गर्न नसक्नु (पुर्वाधारहरुको माग बढि हुनु) ।

**कार्यक्रमबाट गरिएका नमुना कार्यहरु :**

- जिल्लाको सवै घरधुरी दर्ता गरी नियमित रुपमा १००० दिनका महिलालाई मोबाईलमा अध्यावधिक गरी आवश्यक परामर्श दिने कार्य भएको ।
- घर धुरी सर्वेक्षण, घरभेट परामर्श, आमा समूह बैठक र गाउं घर क्लिीनीकहरुमा सहभागी भई १००० दिन का आमाहरुलाई परामर्श ।
- आमा समुह स्तरमा साथ कार्यान्वयनको प्रभावकारिताका नियमित अनुगमन फलोअप नियमित रुपमा मातीपुर स्वास्थ्य संस्था स्तरमा उदाहरणीय काम भएको ।

**लाभान्वित वर्ग/ लक्षित सुमदायको कार्यक्रम प्रतिको धारणा वा भनाई :**

- आमा समुह स्तरमा साथ कार्यान्वयनको प्रभावकारिताका नियमित बैठक बस्नका लागि खाजा नास्ता ब्यवस्थापन गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई कार्यक्रममा सहभागी भएवापत यातायातको व्यवस्था गर्नुपर्ने ।

**आगामी दिनका लागी सुझावहरु :**

- किशोर किशोरीहरुमा यौन तथा प्रजन्न स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा गतिबिधीहरु गर्न सकेमा झन प्रभावकारी हुन्थ्यो होला ।(किशोर किशोरीहरुको सुझाव )
- कर्मचारीहरुलाई बिषयगत वा कार्यक्रमगत सम्बन्धित ठाउंमा अवलोकन भ्रमण गराउन सकेमा सिकाईको आदान प्रदान भई कार्यक्रम झन प्रभावकारी हुन्थ्यो होला ?

**परियोजना नाम :** आधारभूत स्वास्थ्य परियोजना

**साझेदार संस्थाः** फेएरमेड फाउन्डेसन नेपाल

**बार्षिक बजेट रुः** १०,८१२,१९७

**कार्यक्षेत्र :**

- कपिलबस्तु जिल्लाको ४ वटा पालिकाहरु ( महाराजगंज, कृष्णनगर र शिवराज नगरपालिका तथा बिजयनगर गाऊपालिका)
- रुपन्देही जिल्लाको ४ वटा पालिकाहरु (लुम्बिनी सास्कृतिक नगरपालिका, कोटहीमाई, मरचवारी र समरीमाई गाउँपालिकाहरु)
- नवलपरासी जिल्लाको ४वटा पालिकाहरु (प्रतापपुर, सुस्ता, सरावल र पालिनन्दन गाउँपालिकाहरु)

**लक्षित समुदायः-**

- बेवस्ता गरिएका सर्ने रोगहरुबाट प्रभाबित र जोखिममा रहेका ब्यक्ति र समुदाय
- गर्भवती र नवजात शिशु
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था व्यवस्थापन समिति
- गाउँ वा नगरपालिकाका प्रतिनिधिहरु
- महिला स्वास्थ्य स्वमंसेविकाहरु
- समुदाय स्तरीय सकृय समुह वा संस्थाहरु
- विद्यालयका बालबालिकाहरु

**कार्यगत / बिषयगत क्षेत्रहरु :**

- स्वास्थ्य प्रणाली सुद्दढीकरण
- वेवास्ता गरिएका सर्ने रोगहरु
- मातृ तथा नवजात शिशु स्वास्थ्य
- **अन्यः** खानेपानी, सरसफाई र अपाङ्गता

**साझेदारी कार्यक्रमको उद्देश्य :**
परियोजना लक्षित पालिकाहरुमा एकीकृत स्वास्थ्य सेवाहरु (मातृ तथा नवजात शिशु र बेवास्ता गरिएका सर्ने रोगहरु) सुदृढ गरी प्राथमिक उपचार र सेवा प्रणाली सुधार गर्ने ।

**साझेदारी कार्यक्रमको मुख्य उपलब्धीहरु :**

- कपिलबस्तु जिल्लाको ३ वटा पालिकाहरु (महाराजगंज न.पा., यशोधरा गा.पा. र शुद्धोधन गा.पा.) मा २ दिने स्थानिय तहमा स्वास्थ्य सम्बन्धि अभिमुखिकरण तथा योजना तर्जुमा कार्यक्रम ( स्वास्थ्यमा प्राथमिकता दिनु विकासको मुख्य विषय रहेको) ९४ जनाको (२६ जना नगर तथा गाऊपालिकाका कर्मचारीहरु, २८ जना वडा अध्यक्ष र ४७ जना स्वास्थ्यकर्मी) सहभागितामा सम्पन्न गरियो ।
- स्वास्थ्य सम्बन्धि अभिमुखीकरण तथा योजना तर्जुमा कार्यक्रमले गर्दा आ.ब. २०७६/७७ मा पहिले भन्दा बढि बजेट बिनीयोजन भएको छ ।

- कपिलबस्तु जिल्लाको ५ वटा पालिकाहरुमा (शिवराज न.पा., कृष्णनगर न.पा., बाणगंगा न.पा., बिजयनगर गा.पा., माया देवी गा.पा.) छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी पालिका स्तरीय स्वास्थ्यको कार्ययोजना बनाई सम्बन्धित पालिकालाई हस्तान्तरण गरिएको छ ।
- २ वटा पालिकाहरुको (विजयनगर गा.पा.को पत्थरदेइया स्वास्थ्य चौकी र शिवराज न.पा.को शिवगढी स्वास्थ्य चौकी) बर्थिङ्ग सेन्टरमा रहेका ६ जना SBA अ.न.मी.र अ.न.मी.हरुलाई ३ दिने SBA Onsite coaching मा सहभागी गराई क्षमता अभिबृद्धि गरिएको छ ।
- स्वास्थ्यकर्मी, स्वास्थ्य व्यवस्थापन समिति पदाधिकारी, समाजसेवी तथा सेवाग्राही बीच सामुदायिक स्वास्थ्य प्राप्ताङ्ग बोर्ड (CHSB) को पूनरावलोकन बिधीद्धारा परियोजना लागु भएको ४ वटा पालिकाहरुका १३ वटा स्वास्थ्य संस्थाहरुको अवस्था बिश्लेषण गरियो । जसले गर्दा स्वास्थ्य संस्थाबाट प्रदान गरीने सेवा र सेवाको गुणस्तर सुनिश्चित गर्न सहयोग भएको छ ।
- कपिलबस्तु जिल्लामा स्थानिय तहमा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति (HFOMC) को प्रशिक्षक प्रशिक्षण तालिममा ११ सहभागीहरु लाई राष्ट्रिय निर्देशिका २०७५ अनुरुप तालिम प्रदान गरि नयां ब्यवस्था बारे जानकारी प्रदान गरि नयां ब्यवस्था अनुसार स्वास्थ्य संस्था संचालन गर्नको लागि जानकारी गरिएको छ ।
- कपिलबस्तु जिल्लाको ४ वटा पालिकाहरु (विजयनगर गा.पा., यशोधरा गा.पा., शुद्दोधन गा.पा. र महारागंज न.पा.) को कार्यपालिकाबाट पारित गरी स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको पुनर्गठन कार्य भईरहेको छ ।
- समुदाय जनचेतना कार्यकम अन्तरगत ९ वटा विद्यालयहरुमा जम्मा २७० जना विद्यार्थीहरुको सहभागीमा विद्यालय स्वास्थ्य जनचेतना कार्यकम सम्पन्न गरिएको छ ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुको मासिक रिर्पोटिङ्गमा तथा स्वास्थ्य आमा समुह बैठकमा बेवास्था गरीएका रोगहरुबारे छलफल गरिएको छ । उक्त कार्यकममा ७२ म.स्वा.स्व.से. को सहभागितामा कुष्ठरोग, हात्तिपाईले जस्ता रोगहरुको बारेमा जानकारी तथा समाजमा रहेको नकारात्मक सोच र कठिनाई बारे छलफल गरिएको छ ।
- शिवगढी स्वास्थ्य चौकी अन्तरगतको २ वटा स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय स्वास्थ्यका लागि आफ्नै पहल विधि (SATH) प्रयोगद्धारा स्वास्थ्य आमा समुहमा सुरक्षित मातृत्वका लागि मुख्य सुचकहरुको महत्वबारे जनचेतना जगाई गर्भजाँच, संस्थागत सुत्केरी, सुत्केरी जाँच, आईरन चक्कीको सेवन, बच्चाहरुलाई पूर्ण खोप लगायतका विषयहरु छलफल गरिएको छ ।

**साझेदारी कार्यक्रमको मुख्य प्रभावहरु :**

- स्थानिय जनप्रतिनिधिहरुलाई स्वास्थ्य सम्बन्धि अभिमुखिकरण र निरन्तर प्राविधिक सहयोगको प्रतिफल स्वरुप २ वटा पालिकाहरुमा स्वास्थ्य क्षेत्रको बजेट गत आ.ब. भन्दा बृद्धि भएको छ ( महाराजगंज १३२% र शिवराज न.पा.३४% ) ।
- एकजना कुष्ठरोग लागेकी र बिचैमा औषधी सेवन गर्न छोडेकी किशोरीलाई घरभेट गरी उनी र उनको आमालाई परामर्श गरेर पूनः औषधी सेवन सुरु गराइएको छ ।

**साझेदारी कार्यक्रममा भोग्नु परेको मुख्य समस्या/बाधाहरु :**

- स्थानिय जनप्रतिनिधिहरु संग समय लिन गाह्रो भएको जसले कार्यकम तोकीएको समयमा सम्पन्न गर्न नसकिएको ।
- संस्था प्रति अत्याधिक सहयोगको अपेक्षा (पुर्वाधार तथा सामाग्रीहरुको माग)

**कार्यक्रमबाट गरिएका नमुना कार्यहरु :**

- जनप्रतिनिधि र स्वास्थ्य कर्मीहरुलाई संगै राखि स्वास्थ्यको योजना तर्जुमा बारे अभिमुखिकरण र स्वास्थ्यको योजना निर्माण
- कपिलबस्तु जिल्लामा ११ जनालाई स्थानिय तहको स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको प्रशिक्षक प्रशिक्षण तालिम संचालन

**आगामी दिनका लागी सुझावहरु :**

- संस्थाले नियमित रुपमा परियोजनाका लागि समन्वय र अनुगमन गर्‍यो भने कार्य क्षेत्रमा समय अनुरुप कार्य सम्पन्न गर्न सहज हुने ।

**४. संस्थाको प्रमुख सिकाईहरु**

- दिगो विकास गरि दिने नभई सिकाउने प्रकृयालाई अघाडि वढाउदै ब्यवहारमा परिवर्तन गर्नुपर्दछ ।
- संस्थाले हाल सम्म गरेका गतिबिधी तथा सिकाईहरुको ब्यवस्थित तथा प्रभावकारी ढंगले दस्तावेजीकरण गर्नुपर्ने ।
- संस्थाको बिषयगत क्षेत्रहरुको समयनुसार तथा अनुभवको आधारमा प्राथामिकीकरण गरि पुनः परिमार्जन गर्नुपर्ने ।

**५. संस्था आवद्ध रहेको सरकारी/ गैह्र सरकारी संस्थाहरु**

- जिल्ला प्रशासन कार्यालय
- समाज कल्याण परिषद
- गै.स.स.महासंघ कपिलबस्तु
- वडा/गाऊ/नगरपालिका स्तरीय शिक्षा समिति
- जिल्ला समन्वय समिति
- वडा/गाऊ/नगरपालिका स्तरीय खानेपानी तथा सरसफाई समिति
- बाल मैत्री स्थानिय सरकार
- पोषणका लागि नागरिक संजाल नेपाल

**६. सम्पर्क समन्वय तथा सहकार्य भएका सरकारी तथा गैरसरकारी निकायहरु :**

- जिल्ला समन्वय समिती, कपिलवस्तु
- गाऊ/नगरपालिका
- जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु
- जिल्ला कृषि विकास कार्यालय कपिलवस्तु तथा सम्बन्धित उपकेन्द्र
- जिल्ला पशु सेवा कार्यालय कपिलवस्तु तथा सम्बन्धित उपकेन्द्र
- डिभिजन सहकारी कार्यालय कपिलवस्तु
- बाल बालिका तथा महिला विकास कार्यालय
- जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तु
- जिल्ला घरेलु तथा साना उद्योग कार्यालय
- फरेष्ट एक्सन, काठमांडौ
- पोषणका लागि नागरिक समाज संजाल नेपाल
- कन्सोरर्टियम नेपाल

- अक्सफाम
- सेभ द चिल्ड्रेन
- यु.एस.ए.एड

**७. संस्थाको प्रतिनिधित्व रहेको सरकारी/गैह्र सरकारी संस्थाहरु**

- जिल्ला बाल मैत्री स्थानिय सरकार - सदस्य
- गैसस जलवायु परिवर्तन संजाल - सदस्य
- जिल्ला बाल न्याय समिति - सदस्य
- सामुदायिक प्रकोप ब्यवस्थापन समिति, जिल्ला शाखा, कपिलवस्तु - सदस्य
- पोषणका लागि नागरिक संजाल नेपाल, कपिववस्तु शाखा - अध्यक्ष
- वडा/गाऊ/नगरपालिका खानेपानी तथा सरसफाई स्वच्छता समिति - आमन्त्रित सदस्य
- वडा/गाऊ/नगरपालिका खाद्य तथा पोषण निर्देशक समिति - आमन्त्रित सदस्य

**८. सम्पर्क समन्वय तर्फ :-**

**८.१ दातृ निकायहरु संग सहकार्य विस्तारका प्रयासहरु**

संस्थाले यस वर्ष सहकार्य भई रहेका साझेदार संस्थाहरु तथा अन्य निकायहरु संग सम्झौता गरि बिभिन्न कार्यक्रम संचालन गरिरहेको छ भने नया साझेदारीका लागि ६ वटा प्रस्तावहरु बिभिन्न दातृ निकायहरुमा पेश गरेकोमा यस बर्ष जिल्ला आधारभुत स्वास्थ्य परियोजना, फेयरमेड फाउण्डेसन, महिला सशक्तिकरण कार्यक्रम, सामाजिक बिकास मन्त्रालय - प्रदेश नं. ५ संग साझेदारी भएको छ ।

**अन्तमा**

यस संस्था सदस्यहरुको क्षमता, दक्षता, र व्यक्तित्व विकास गर्दै आपसि सदभाव, भाईचारा, विश्वास र साझा उद्देश्यहरु लाई संस्थागत गरि संस्थाको दिगो विकासका लागि निरन्तरता दिनु हाम्रो कर्तव्य हो । यस संस्थाले सामाजिक उत्तरदायीत्व तथा संस्थागत भावनाको विकास गरि सकारात्मक र गुणात्मक परिवर्तनका साथ अघि वढनु पर्ने दखिन्छ । यिनै मान्यताका साथ संस्थागत दिगो विकासका लागी आगामि वर्षमा निम्न बुदांहरुमा केन्द्रीत रहि कार्य पद्धति लाई चुस्त बनाउदै लैजाने विश्वास लिएको छु ।

१) संस्थाको विभिन्न इकाई क्रियाशिलतामा अभिबृद्धि तथा नितिहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिइने ।

२) परियोजनाहरु तथा आन्तरिक ब्यवस्पानका लागि अनुगमन परिपाटिको विकास गरिने ।

३) पदाधिकारी तथा कर्मचारीहरु चयन गर्दा समावेशि संरचना लाई आत्मासाथ गर्दै कार्यान्वयन गरिने

४) प्रत्येक बर्ष संस्थागत स्वःमूल्यांकनलाई नियमित गरिने ।

५) बिपदबाट प्रभावित जन समुदायहरुका लागि मानवीय सहायताका डोनेशन कोषको बृद्धिका लागि थप पहल गरिने ।

६) लगभग १२५ जना सम्म सहभागि हुन सक्ने तालिम/गोष्ठी हलको निर्माण कार्यलाई सम्पन्न गरिने ।

७) साझेदारी कार्यक्रमहरुको बृद्धिका लागि बिभिन्न निकायहरु संग सम्पर्क समन्वय तथा सहकार्यमा अभिबृद्धि गरिने ।

अन्तमा यस संस्था प्रति बिश्वास गर्ने हाम्रो साझेदार संस्थाहरु सेभ द चिल्ड्रेन, यु.एस.ए.आई.डि, हेलनकेलर, फेयरमेड, जिल्ला समन्वय समिति, कपिलवस्तु, कपिलवस्तु जिल्लाका सम्पुर्ण गाऊ तथा नगरपालिका एवं वडाहरु, बिद्यालन, स्वास्थ्य संस्था, युवा क्लब, बाल क्लब लगाएत सरकारी निकाय, गैर सरकारी निकायहरुमा हार्दिक कृतज्ञता ब्यक्त तथा धन्यबाद टक्रयाउदै प्रस्तुत प्रतिवेदन उपर उपस्थित महानुभावहरुले आफनो अमुल्य सल्लाह, सुझाव, मार्ग दर्शन तथा पृष्ठपोषण प्रदान गरिदिनु भई अनुमोदन गरि दिनु हुनका लागि हार्दिक अनुरोध गर्दछु ।

**मिति २०७६।६।४**

**प्रतिवेदक**
**शान्ता पौडेल**
**(महासचिव)**